त्रिभुवन विश्वविद्यालय
चिकित्सा शास्त्र अध्ययन संस्थान, डीनको कार्यालय
परीक्षा नियन्त्रण महाशाखा, महाराजगंज

# त्रि.वि.चिकित्सा शास्त्र अध्ययन संस्थान तथा त्रि.वि.संग सम्बन्धन प्राप्त कलेजहरुको शैक्षिक वर्ष २०७२/०७३ का लागि स्नातक तहमा लिइने विद्यार्थी भर्ना सम्बन्धी विस्तृत सूचना

त्रि.वि.चि.शा.अध्ययन संस्थान अन्तर्गतका आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पस/कलेजहरूमा संचालन हुने स्नातक तहका तल उल्लेखित विभिन्न शैक्षिक कार्यक्रमहरूको शैक्षिक वर्ष २०७२/०७३ मा अध्ययन गर्न चाहने नेपाली तथा विदेशी विद्यार्थीहरुका लागि समेत यसै प्रवेश परीक्षाको योग्यता क्रमानुसार भर्ना लिने गरी (त्रि.वि. चि.शा.अ.सं., नेपाल मेडिकल काउन्सिल, नेपाल स्वास्थ्य व्यवसायी परिषद, नेपाल नर्सिङ्ग परिषद, नेपाल आयुर्वेद मेडिकल परिषद, नेपाल फार्मेसी परिषद र नेपाल सरकार शिक्षा मन्त्रालयबाट भर्ना गर्ने विद्यार्थी संख्या र कक्षा संचालन गर्ने बारे आवश्यक स्वीकृति लिएपछि सम्बन्धित निकायले तोकेको संख्यामा विद्यार्थी भर्ना लिने र कक्षा संचालन हुने गरी) निम्नानुसार विद्यार्थी भर्नाको लागि प्रवेश परीक्षा सञ्चालन गरिने भएकोले प्रवेश परीक्षामा सहभागी हुन इच्छुक योग्यता पुगेका परीक्षार्थीहरूबाट आवेदन आव्हान गरिएको छ । तोकिएको आवश्यक न्यूनतम योग्यता हासिल गरेका परीक्षार्थीहरुले आवेदन दिन सक्नेछन् । आवेदन फाराम **२०७२ भाद्र ४ (21 Aug. 2015) गते बिहान १०:०० बजेदेखि भाद्र २४ (10 Sept. 2015) गते बुधवार अपरान्ह ५:०० बजेभित्र** Website: **www.iom.edu.np** मार्फत Online Submission गर्न सूचित गरिन्छ । आवेदन दस्तुर मिति **२०७२ भाद्र ४ (21 Aug. 2015) गते बिहान १०:०० बजेदेखि भाद्र २३ (9 Sept. 2015) गते दिउंसो २:०० बजेभित्र** बैंक दाखिला गरिसक्नु पर्नेछ । त्यसपछि आवेदन दस्तुर बैंक दाखिला गरेता पनि स्वीकार्य हुने छैन । परीक्षार्थीहरुले आवेदन दस्तुर बापतको रकम यस अध्ययन संस्थानको **"Entrance Exam TU IOM Dean Office"** को नाममा, हिमालयन बैंक लिमिटेडको च.हि.नं. <u>००२००५५५५७००५७</u> मा रु.३,०००/- (तीन हजार मात्र) जम्मा गरेको भौचर पनि Scan गरी Upload गर्नुपर्नेछ । आवेदन फाराम Submit नभएमा त्यसको जिम्मेवारी यस अध्ययन संस्थानले लिने छैन । आवेदन फाराम Submit गरिसकेपछि कुनै पनि विवरण सच्याउन पाइने छैन । **Admit Card** पनि आफैले **Printout** गरि लिनुपर्नेछ । **Admit Card दिने अरु कुनै व्यवस्था हुने छैन ।** आवेदकको नाम, फोटो तथा भौचर नम्बर वा अन्य कुनै पनि व्यहोरा फरक भई सच्याउनु परेमा आवेदन दिने अवधि भित्रै पुन: अर्को भौचर मार्फत आवेदन शुल्क बुझाई छुट्टै अर्को आवेदन फाराम Online Submission गर्नु पर्नेछ र साथै, नयां भौचर Scan गरी पुन: Upload गर्नु पर्नेछ । परीक्षार्थीहरूले बैंक दाखिला गरिसकेको परीक्षा दस्तुर फिर्ता गरिनेछैन । MBBS र BPH शैक्षिक कार्यक्रमको प्रवेश परीक्षा **२०७२ असोज २ गते (19 September 2015)** अन्य सबै शैक्षिक कार्यक्रमहरूको **२०७२ असोज ३ गते (20 September 2015)** बिहान ८:०० बजेदेखि १०:०० बजेसम्म तोकिएको केन्द्रमा सञ्चालन हुनेछ ।

विदेशी परीक्षार्थीहरुले आवेदन दस्तुर मिति **२०७२ भाद्र २७ गतेदेखि असोज १ गतेसम्म (13 -18 Sept. 2015)** हिमालयन बैंक लिमिटेडको च.हि.न ००२००५५५५७००५७ खातामा रु ३,०००/- (तीन हजार मात्र) यस अध्ययन संस्थानको **"Entrance Exam TU IOM Dean Office "** को नाममा अपरान्ह १:०० बजेसम्म जम्मा गर्नु पर्नेछ । विदेशी परीक्षार्थीहरुको **Admit Card मिति २०७२ भाद्र २७ गतेदेखि असोज १ गतेसम्म (13 - 18 Sept. 2015)** बिहान १०:०० बजे देखि अपरान्ह ४:०० बजे भित्र यस अध्ययन संस्थानको सूचना तथा प्रविधि विभागबाट वितरण गरिनेछ । आवेदन दस्तुर बापत जम्मा गरेको भौचर Admit Card लिने समयमा यस कार्यालयको सूचना तथा प्रविधि विभागमा बुझाउनु पर्नेछ ।

१०+२ वा सो सरहको अन्तिम परीक्षामा सम्मिलित तर नतिजा प्रकाशन नभएका परीक्षार्थीहरुले पनि आवेदन फाराम **online submission** गरी यस प्रवेश परीक्षामा सम्मिलित हुन पाउने छन् । यस्ता परीक्षार्थीहरूले योग्यताक्रमानुसार भर्नाको लागि छनौट भएको खण्डमा भर्ना हुने बेलामा विज्ञान प्रमाणपत्र तह वा १०+२ विज्ञान समूह वा सो सरहको अन्तिम परीक्षाको लब्धाङ्क पत्र लगायत अन्य प्रमाणपत्रहरू सम्बन्धित क्याम्पसमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । उत्तीर्ण लब्धाङ्कपत्र लगायत अन्य आवश्यक प्रमाणपत्रहरू पेश गर्न नसकेमा वा न्यूनतम् शैक्षिक योग्यता नपुगेका परीक्षार्थीहरुले दिएको प्रवेश परीक्षाको नतिजा स्वत: रद्द हुनेछ । यसको लागि परीक्षार्थीहरू नै स्वयं जिम्मेवार हुने छन् ।

प्रवेश परीक्षा सम्बन्धी जानकारी लिन यस अध्ययन संस्थानको परीक्षा नियन्त्रण महाशाखाको सूचना पाटीमा वा **Website:** <u>**www.iom.edu.np**</u> मा हेर्नुहुन सूचित गरिन्छ ।

## *आवेदन दिनका लागि न्यूनतम् योग्यता:*

१) **MBBS/BDS शैक्षिक कार्यक्रमहरुका लागि:**

आवेदक विज्ञान प्रमाणपत्र तहको Biology Group वा १०+२ को Biology Group वा सो सरहको शैक्षिक कार्यक्रममा अंग्रेजी सहित कुल प्राप्ताङ्कमा न्यूनतम् ५० प्रतिशत अङ्क (aggregate मा) ल्याई विज्ञान विषयहरुको शैद्धान्तिक तथा प्रयोगात्मक परीक्षा उत्तीर्ण हुनुको साथै Physics, Chemistry र Biology (PCB) प्रत्येक विषयहरूमा पनि न्यूनतम् ५० प्रतिशत अङ्क हासिल गरेको हुनु पर्नेछ ।

२) **B.Optom/ B.Sc.Nursing शैक्षिक कार्यक्रमहरुका लागि:**

आवेदक विज्ञान प्रमाणपत्र तह वा १०+२ वा सो सरह शैक्षिक कार्यक्रममा मूल विषय बायोलोजीको अतिरिक्त अंग्रेजी, फिजिक्स तथा केमिष्ट्री विषयहरु लिई विज्ञान विषयहरुमा शैद्धान्तिक तथा प्रयोगात्मक परीक्षाहरुमा बेग्ला बेग्लै उत्तीर्ण गरी कूल प्राप्ताङ्कमा न्यूनतम ५० प्रतिशत अंक प्राप्त गरेको हुनु पर्नेछ ।

३) **Bachelor in Public Health (BPH) शैक्षिक कार्यक्रमका लागि:**

आवेदक चिकित्सा प्रमाणपत्र तह (सामान्य चिकित्सा, हेल्थ ल्याब, रेडियोग्राफी, फामेर्सी, फिजियोथेरापी, हेल्थ एजुकेशन एण्ड स्यानिटेशन, आयुर्वेद, अप्थाल्मोलोजि, नर्सिङ् आदि शैक्षिक कार्यक्रम) उत्तीर्ण गरी कूल प्राप्ताङ्कमा न्यूनतम ५० प्रतिशत अंक प्राप्त वा विज्ञान प्रमाणपत्र तह वा १०+२ वा सो सरह शैक्षिक कार्यक्रममा मूल विषय बायोलोजीको अतिरिक्त अंग्रेजी, फिजिक्स तथा केमिष्ट्री विषयहरु लिई विज्ञान विषयहरुमा शैद्धान्तिक तथा प्रयोगात्मक परीक्षाहरुमा बेग्ला बेग्लै उत्तीर्ण गरी कूल प्राप्ताङ्कमा न्यूनतम ५० प्रतिशत अंक प्राप्त गरेको हुनु पर्नेछ ।

४) **Bachelor of Science in Medical Laboratory Techonology (B.Sc. MLT) शैक्षिक कार्यक्रमका लागि:**

आवेदक चिकित्सा प्रमाणपत्र तह हेल्थ ल्याब वा सो सरह शैक्षिक कार्यक्रम उत्तीर्ण गरी कूल प्राप्ताङ्कमा न्यूनतम ५० प्रतिशत अंक प्राप्त वा विज्ञान प्रमाणपत्र तह वा १०+२ वा सो सरह शैक्षिक कार्यक्रममा मूल विषय बायोलोजीको अतिरिक्त अंग्रेजी, फिजिक्स तथा केमिष्ट्री विषयहरु लिई विज्ञान विषयहरुमा शैद्धान्तिक तथा प्रयोगात्मक परीक्षाहरुमा बेग्ला बेग्लै उत्तीर्ण गरी कूल प्राप्ताङ्कमा न्यूनतम ५० प्रतिशत अंक प्राप्त गरेको हुनु पर्नेछ ।

५) **Bachelor of Science in Medical Imaging Technology (B.Sc.MIT) शैक्षिक कार्यक्रमका लागि:**

आवेदक चिकित्सा प्रमाणपत्र तह रेडियोग्राफी वा सो सरह शैक्षिक कार्यक्रम उत्तीर्ण गरी कूल प्राप्ताङ्कमा न्यूनतम ५० प्रतिशत अंक प्राप्त वा विज्ञान प्रमाणपत्र तह वा १०+२ वा सो सरह शैक्षिक कार्यक्रममा मूल विषय बायोलोजीको अतिरिक्त अंग्रेजी, फिजिक्स तथा केमिष्ट्री विषयहरु लिई विज्ञान विषयहरुमा शैद्धान्तिक तथा प्रयोगात्मक परीक्षाहरुमा बेग्ला बेग्लै उत्तीर्ण गरी कूल प्राप्ताङ्कमा न्यूनतम ५० प्रतिशत अंक प्राप्त गरेको हुनु पर्नेछ ।

६) **Bachelor of Pharmacy (B. Pharm) शैक्षिक कार्यक्रमका लागि:**

आवेदक चिकित्सा प्रमाणपत्र तह फार्मेसी वा सो सरह शैक्षिक कार्यक्रम उत्तीर्ण गरी कूल प्राप्ताङ्कमा न्यूनतम ५० प्रतिशत अंक प्राप्त वा विज्ञान प्रमाणपत्र तह वा १०+२ वा सो सरह शैक्षिक कार्यक्रम मा मूल विषय बायोलोजीको अतिरिक्त अंग्रेजी, फिजिक्स तथा केमिष्ट्री विषयहरु लिई विज्ञान विषयहरुमा शैद्धान्तिक तथा प्रयोगात्मक परीक्षाहरुमा बेग्ला बेग्लै उत्तीर्ण गरी कूल प्राप्ताङ्कमा न्यूनतम ५० प्रतिशत अंक प्राप्त गरेको हुनु पर्नेछ ।

७) **BAMS शैक्षिक कार्यक्रमका लागि:**

आवेदक चिकित्सा प्रमाणपत्र आयुर्वेद ३ वर्षे शैक्षिक कार्यक्रम उत्तीर्ण गरी कूल प्राप्ताङ्कमा न्यूनतम ५० प्रतिशत अंक प्राप्त वा विज्ञान प्रमाणपत्र तह वा १०+२ वा सो सरह शैक्षिक कार्यक्रममा मूल विषय बायोलोजीको अतिरिक्त अंग्रेजी, फिजिक्स तथा केमिष्ट्री विषयहरु लिई विज्ञान विषयहरुमा शैद्धान्तिक तथा प्रयोगात्मक परीक्षाहरुमा बेग्ला बेग्लै उत्तीर्ण गरी कूल प्राप्ताङ्कमा न्यूनतम ५० प्रतिशत अंक प्राप्त वा उत्तरमध्यमा वा सो सरहको परीक्षामा मूल विषय बायोलोजीका अतिरिक्त भौतिक शास्त्र, रसायन शास्त्र र अंग्रेजी विषयहरु लिई कूल प्राप्ताङ्कमा न्यूनतम ५० प्रतिशत अंक प्राप्त गरेको हुनु पर्नेछ ।

८) **Bachelor of Nursing Sciences (BNS) शैक्षिक कार्यक्रमका लागि:**

८.१. चिकित्सा प्रमाणपत्र तह नर्सिङ् उत्तीर्ण गरी कूल प्राप्ताङ्कमा न्यूनतम ५० प्रतिशत अंक प्राप्त गरेको र नेपाल नर्सिङ् परिषदमा दर्ता भए पछि न्यूनतम एक वर्ष कार्य गरेको अनुभव प्राप्त । कार्य अवधि गणना गर्दा प्रवेश परीक्षा सञ्चालन हुने दिनसम्मको अवधिलाई आधार मानिनेछ ।

८.२. यस अध्ययन संस्थानले स्वास्थ्य मन्त्रालय तथा सो अन्तर्गतका विभिन्न अस्पतालहरु, त्रि.वि.चि.शा.अ.संस्थान अन्तर्गतका त्रि.वि.शिक्षण अस्पताल, सेन्टरहरु आदि संस्थाहरुलाई उपलब्ध गराईएको आरक्षण कोटाको लागि, उम्मेदवारहरुको नामावली अनिवार्यरुपमा सम्बन्धित संस्थाहरुले २०७२ भदौ २९ गते दिनको ५:०० बजे भित्रमा डीनको कार्यालय शैक्षिक तथा अनुगमन शाखामा आईपुग्ने गरी पठाइसक्नु पर्नेछ । परीक्षार्थीहरुको नामावली २०७२ भदौ ३० गते प्रकाशित गरिनेछ ।

कार्यक्रमहरुको सिट संख्या विवरण तथा प्रवेश परीक्षामा सोधिने विषयहरुको अङ्क विभाजन

## क) महाराजगन्ज चिकित्सा क्याम्पस, महाराजगन्ज

| क.सं. | कार्यक्रम | समूह | सीट | | प्रवेश परीक्षा | |
|---|---|---|---|---|---|---|
| | | | संख्या | जम्मा | विषय | पूर्णाङ्क |
| १। | **Bachelor of Medicine & Bachelor of Surgery (MBBS)<br>5 1/2 years Course** | क) खुल्ला (सहुलियत शुल्कीय)<br>ख) खुल्ला (पूर्ण शुल्कीय)<br>ग) त्रि.वि.चि.शा.अ.सं.का शिक्षकका छोरा/छोरी<br>घ) त्रि.वि.चि.शा.अ.सं.का कर्मचारीका छोरा/छोरी<br>ङ) त्रि.वि. का शिक्षक तथा चि.शा.अ.सं. मा १० सेवा अवधि नपुगेका शिक्षकका छोरा/छोरी<br>च) त्रि.वि. का कर्मचारी तथा चि.शा.अ.सं. मा १० सेवा अवधि नपुगेका कर्मचारीका छोरा/छोरी<br>छ) विदेशी<br>ज) सार्क मुलुक | ४५<br>१२<br>१<br>१<br>१<br>१<br>१४<br>१ | ७५+१ | Zoology 30<br>Botany 20<br>Chemistry 30<br>Physics 20 | १०० |
| २। | **Bachelor of Optometry (B.Optom)<br>4 years course** | विज्ञान प्रमाणपत्र तह वा १०+२ (बायोलोजी समूह)<br>क) सहुलियत शुल्कीय<br>ख) पूर्ण शुल्कीय<br>ग) विदेशी | <br>६<br>२<br>२ | १० | Zoology 30<br>Botany 20<br>Chemistry 30<br>Physics 20 | १०० |
| ३। | **Bachelor of Pharmacy (B. Pharm)<br>4 years course** | क) सहुलियत शुल्कीय<br>ख) पूर्ण शुल्कीय<br>ग) विदेशी | १०<br>८<br>२ | २० | Zoology 15<br>Botany 15<br>Chemistry 15<br>Physics 15<br>General Health 20<br>Specific Subject 20 | १०० |
| ४। | **Bachelor in Public Health (BPH)<br>4 years course** | चिकित्सा प्रमाणपत्र समूह<br>क) सहुलियत शुल्कीय<br>ख) पूर्ण शुल्कीय<br>विज्ञान प्रमाणपत्र वा १०+२ (बायोलोजी समूह)<br>क) सहुलियत शुल्कीय<br>ख) पूर्ण शुल्कीय | <br>२२<br>८<br><br>८<br>२ | ४० | Zoology 15<br>Botany 15<br>Chemistry 15<br>Physics 15<br>General Health 40 | १०० |
| ५। | **Bachelor of Science in Medical Laboratory Technology (BSc.MLT)<br>4 years course** | चिकित्सा प्रमाणपत्र (हेल्थ ल्याव समूह)<br>क) सहुलियत शुल्कीय<br>ख) पूर्ण शुल्किय<br>विज्ञान प्रमाणपत्र वा १०+२ (बायोलोजी समूह)<br>क) सहुलियत शुल्कीय<br>ख) पूर्ण शुल्किय<br>ग) विदेशी | <br>५<br>१<br><br>३<br>१<br>१ | ११ | Zoology 15<br>Botany 15<br>Chemistry 15<br>Physics 15<br>General Health 20<br>Specific Subject 20 | १०० |
| ६। | **Bachelor of Science in Medical Imaging Technology (B.Sc.MIT)<br>4 years course** | प्रमाणपत्र तह (रेडियोग्राफी समूह)<br>क) सहुलियत शुल्कीय<br>ख) पूर्ण शुल्कीय<br>विज्ञान प्रमाणपत्र तह वा १०+२ (बायोलोजी समूह)<br>क) सहुलियत शुल्कीय<br>ख) पूर्ण शुल्कीय<br>ग) विदेशी | <br>३<br>१<br><br>३<br>१<br>१ | ९ | Zoology 15<br>Botany 15<br>Chemistry 15<br>Physics 15<br>General Health 20<br>Specific Subject 20 | १०० |

## ख) सम्बन्धन प्राप्त कलेजहरु (अन्य हुने विषयहरु MBBS, BDS, B.Pharmacy, B.Sc.MLT, BPH, BNS, BAMS, B.Sc.Nursing)

| क.सं. | कार्यक्रम | सीट संख्या | प्रवेश परीक्षा | |
|---|---|---|---|---|
| | | | विषय | पूर्णाङ्क |
| १. | **Bachelor in Dental Surgery (BDS)**<br>**5 $^1/_2$ years Course** | सम्बन्धन प्राप्त कलेजहरूमा निर्धारण भए बमोजिम | Zoology 30<br>Botany 20<br>Chemistry 30<br>Physics 20 | १०० |

## ग) महाराजगंज नर्सिङ क्याम्पस, महाराजगंज

| क.सं. | कार्यक्रम | समूह | सीट | | प्रवेश परीक्षा | |
|---|---|---|---|---|---|---|
| | | | संख्या | जम्मा | विषय | पूर्णाङ्क |
| १. | **BNS (Community Health Nursing) 3 Years** | क) खुल्ला(सहुलियत शुल्कीय)<br>ख) स्वास्थ्य मन्त्रालय | ४<br>१० | १४ | Nursing Problem Solving 50<br>Nursing Core Subjects 50 | १०० |
| २. | **BNS (Adult Health Nursing) 3 Years** | क) खुल्ला(सहुलियत शुल्कीय)<br>ख) त्रि.वि.शिक्षण अस्पताल तथा केन्द्रहरु<br>ग) खुल्ला (पूर्ण शुल्कीय)<br>घ) स्वास्थ्य मन्त्रालय | ६<br>२<br>२<br>१० | २० | | |
| ३। | **BNS (Child Health Nursing) 3 Years** | क) खुल्ला(सहुलियत शुल्कीय)<br>ख) त्रि.वि.शिक्षण अस्पताल तथा केन्द्रहरु<br>ग) प्रसुति गृह, थापाथली<br>घ) स्वास्थ्य मन्त्रालय<br>ङ) कान्ति बाल अस्पताल | ४<br>१<br>१<br>३<br>१ | १० | | |
| ४। | **BNS (Psychiatric Nursing) 3 Years** | खुल्ला (सहुलियत शुल्कीय) | ६ | ६ | | |
| ५। | **Bachelor of Science in Nursing (B.Sc.Nursing) 4 Years** | क) सहुलियत शुल्कीय<br>ख) पूर्ण शुल्कीय | ८<br>२२ | ३० | Zoology 30<br>Botany 20<br>Chemistry 30<br>Physics 20 | १०० |

## घ) पोखरा नर्सिङ क्याम्पस, पोखरा

| क.सं. | कार्यक्रम | समूह | सीट | | प्रवेश परीक्षा | |
|---|---|---|---|---|---|---|
| | | | संख्या | जम्मा | विषय | पूर्णाङ्क |
| १. | **BNS(Community Health Nursing) 3 Years** | क) पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य सेवा निर्देशनालय, पोखरा<br>ख) खुल्ला (सहुलियत शुल्कीय)<br>ग) खुल्ला (पूर्ण शुल्कीय) | १<br>२<br>७ | १० | Nursing Problem Solving 50<br>Nursing Core Subjects 50 | १०० |
| २ | **BNS (Adult Health Nursing) 3 Years** | क) पश्चिमाञ्चल क्षेत्रीय अस्पताल<br>ख) खुल्ला (सहुलियत शुल्कीय)<br>ग) खुल्ला (पूर्ण शुल्कीय) | २<br>५<br>१८ | २५ | | १०० |

## ङ) विराटनगर नर्सिङ क्याम्पस, विराटनगर

| क.सं. | कार्यक्रम | समूह | सीट | | प्रवेश परीक्षा | |
|---|---|---|---|---|---|---|
| | | | संख्या | जम्मा | विषय | पूर्णाङ्क |
| १ | **BNS (Adult Health Nursing) 3 Years** | क) कोशी अञ्चल अस्पताल<br>ख) खुल्ला (सहुलियत शुल्कीय)<br>ग) खुल्ला (पूर्ण शुल्कीय) | १<br>१२<br>१२ | २५ | Nursing Problem Solving 50<br>Nursing Core Subjects 50 | १०० |

## च) बीरगंज नर्सिङ क्याम्पस, बीरगंज

| क्र.सं. | कार्यक्रम | समूह | सीट संख्या | सीट जम्मा | प्रवेश परीक्षा विषय | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|
| १. | **BNS (Adult Health Nursing) 3 Years** | क) नारायणी उपक्षेत्रीय अस्पताल<br>ख) खुल्ला (सहुलियत शुल्कीय)<br>ग) खुल्ला (पूर्ण शुल्कीय) | १<br>१०<br>९ | २० | Nursing Problem Solving 50<br>Nursing Core Subjects 50 | १०० |

## छ) नेपालगंज नर्सिङ क्याम्पस, नेपालगंज

| क्र.सं. | कार्यक्रम | समूह | सीट संख्या | सीट जम्मा | प्रवेश परीक्षा विषय | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|
| १ | **BNS (Adult Health Nursing) 3 Years** | क) भेरी अञ्चल अस्पताल<br>ख) खुल्ला (सहुलियत शुल्कीय)<br>ग) खुल्ला (पूर्ण शुल्कीय) | १<br>१०<br>९ | २० | Nursing Problem Solving 50<br>Nursing Core Subjects 50 | १०० |

## ज) ललितपुर नर्सिङ क्याम्पस, सानेपा

| क्र.सं. | कार्यक्रम | समूह | सीट संख्या | प्रवेश परीक्षा विषय | पूर्णाङ्क |
|---|---|---|---|---|---|
| १ | **BNS (Community Health Nursing) 3 Years** | खुल्ला | १० | Nursing Problem Solving 50<br>Nursing Core Subjects 50 | १०० |
| २ | **BNS (Adult Health Nursing) 3 Years** | खुल्ला | २५ | | |
| ३ | **BNS (Psychiatric Nursing) 3 Years** | खुल्ला | ५ | | |
| ४ | **Bachelor of Science in Nursing (B.Sc.Nursing) 4 Years** | खुल्ला | २० | Zoology 30<br>Botany 20<br>Chemistry 30<br>Physics 20 | १०० |

## झ) आयुर्वेद क्याम्पस, कीर्तिपुर

| क्र.सं. | कार्यक्रम | समूह | सीट संख्या | सीट जम्मा | प्रवेश परीक्षा हुने विषय | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|
| १। | **Bachelor of Ayurvedic Medicine & Surgery (BAMS) 5 1/2 years Course** | क) खुल्ला (सहुलियत शुल्कीय)<br>ख) खुल्ला (पूर्ण शुल्कीय)<br>ग) विदेशी (पूर्ण शुल्कीय)<br>घ) त्रि.वि.चि.शा.अ.सं.का शिक्षकका छोरा/छोरी<br>ङ) त्रि.वि.चि.शा.अ.सं.का कर्मचारीका छोरा/छोरी<br>च) त्रि.वि. का शिक्षक तथा चि.शा.अ.सं. मा १० सेवा अवधि नपुगेका शिक्षकका छोरा/छोरी<br>छ) त्रि.वि. का कर्मचारी तथा चि.शा.अ.सं. मा १० सेवा अवधि नपुगेका कर्मचारीका छोरा/छोरी | १५<br>१३<br>१<br>१<br>१<br>१<br>१ | ३३ | Zoology 20<br>Botany 20<br>Chemistry 20<br>Physics 20<br>Ayurevedic Science 20 | १०० |

## आवेदन र प्रवेश परीक्षा सम्बन्धी जानकारी:

१) प्रवेश परीक्षाको आवेदन र पाठ्यक्रम सम्बन्धी जानकारी वेबसाइट: www.iom.edu.np मा उपलब्ध छ ।

२) **MBBS & BPH** शैक्षिक कार्यक्रममा आवेदन दिनेहरूले अन्य शैक्षिक कार्यक्रमहरू मध्ये कुनै एक शैक्षिक कार्यक्रममा समेत गरी जम्मा दुई शैक्षिक कार्यक्रममा आवेदन दिन पाइने छ तर आवेदन फाराम अलग अलग भरी छुट्टा/छुट्टै शुल्क बुझाउनु पर्नेछ ।

३) प्रवेश परीक्षा

| मिति | समय | प्रवेश परीक्षा हुने शैक्षिक कार्यक्रमहरु |
|---|---|---|
| २०७२ असोज २ गते, शनिबार (19th Sept. 2015) | विहान ८:०० बजेदेखि १०:०० बजेसम्म | MBBS & BPH |
| २०७२ असोज ३ गते, आईतबार (20th Sept. 2015) | विहान ८:०० बजेदेखि १०:०० बजेसम्म | BDS ,BSc.Nursing , BNS, B Optom, B. Pharm, BSc. MIT, BSc. MLT/ BAMS |

४) प्रवेश परीक्षाको केन्द्र सम्बन्धी सूचना **website** मा राखिनेछ ।

५) परीक्षार्थीले प्रवेश परीक्षामा उत्तर दिंदा Black Gel Pen प्रयोग गर्नुपर्नेछ । सिसाकलम, "टिपेक्स" जस्ता Correcting Fluids प्रयोग गर्न पाइने छैन । सिसाकलम प्रयोग गरेको वा टिपेक्स लगाएको केरमेट गरेको सबै उत्तरहरुमा कुनै अंक दिइने छैन । आफूलाई सही लागेको उत्तरको ◯ (बवल्स) भित्र यसरी चिन्ह ⬤ भित्र भर्नु पर्नेछ । परीक्षार्थीले सबै प्रश्नको उत्तर दिनु पर्ने छ । कुनै प्रश्नको उत्तर गलत भएमा Negative Marking गरिने छैन ।

६) स्नातक तहका सम्पूर्ण शैक्षिक कार्यक्रमहरुको प्रवेश परीक्षाका लागि पूर्णाङ्क १०० भएको एक पत्र मात्र हुनेछ उत्तीर्ण हुन ५० प्रतिशत अंक ल्याउनुपर्नेछ । योग्यता क्रमानुसार नतिजा प्रकाशित गरिनेछ । प्रत्येक स्नातक तहका कार्यक्रमहरुको प्रवेश परीक्षामा कम्तिमा ५० प्रतिशत अङ्क प्राप्त गर्ने परीक्षार्थीहरुको नामावली योग्यता क्रमको आधारमा प्रकाशित गरिनेछ ।

७) **BNS** शैक्षिक कार्यक्रमहरुमा आवेदन दिने परिक्षार्थीले आफुले अध्ययन गर्न चाहेको समूह र क्याम्पस तोकेर आवेदन फाराम भर्नु पर्नेछ ।

८) **BNS** शैक्षिक कार्यक्रमको एउटा समूहको सिट, सफल उमेदवारहरु नभई वा अन्य कारणले रिक्त हुन आएमा सम्बन्धित क्याम्पसहरुले सो सिट पूर्ति गर्नका लागि अर्को समूहका सफल परीक्षार्थीहरुबाट दरखास्त आव्हान गरिने छ । BNS शैक्षिक कार्यक्रमको आरक्षीत कोटाका सिटहरु रिक्तहुन आएमा Paying तर्फ लगी खुल्ला तर्फका सफल परीक्षार्थीहरुबाट योग्यताक्रम अनुसार पूर्ति गरिने छ । यसरी पनि सिट पूर्ति हुन नसकेमा अर्को समूहका सफल परीक्षार्थीहरु बाट सम्बन्धित क्याम्पसले नियमानुसार दरखास्त आव्हान गरी प्राप्त आवेदनहरु मध्येवाट योग्यता क्रमानुसार सिट पूर्ति गरिने छ ।

९) **B.Optom/B.Sc.Nursing** शैक्षिक कार्यक्रमहरुको Common Entrance हुनेछ तर आवेदन दिदा परीक्षार्थीले आफूले अध्ययन गर्न चाहेको शैक्षिक कार्यक्रम तोक्नु पर्नेछ ।

१०) **B.Optom/B.Sc.Nursing** शैक्षिक कार्यक्रममा भर्ना हुनको लागि प्रवेश परीक्षा दिई सफल भएका परीक्षार्थीहरुबाट सिट पूर्ति हुन नसकी खाली हुन गएमा त्यस्ता सिटहरु पूर्ति गर्नको लागि B.Optom/B.Sc.Nursing शैक्षिक कार्यक्रमहरुमा आवेदन दिएका सफल परीक्षार्थीहरुबाट दरखास्त आव्हान गरिनेछ । यस प्रकृयाबाट पनि सिट खाली रहेमा MBBS/BDS शैक्षिक कार्यक्रमका सफल परीक्षार्थीहरुबाट योग्यताक्रमको आधारमा सिट पूर्ति गर्न सकिनेछ । तर B.Sc. Nursing शैक्षिक कार्यक्रमको हकमा सिट खाली रहन गएमा MBBS/BDS शैक्षिक कार्यक्रमका सफल महिला परीक्षार्थीहरुबाट मात्र योग्यताक्रमको आधारमा सिट पूर्ति गर्न सकिनेछ ।

११) **BDS** शैक्षिक कार्यक्रममा भर्ना हुनका लागि प्रवेश परीक्षा दिई सफल भएका परीक्षार्थीहरुबाट सिट पूर्ति हुन नसकि रिक्त हुन गएमा त्यस्ता सिटहरु पूर्तिका लागि MBBS शैक्षिक कार्यक्रमका सफल परीक्षार्थीहरुबाट मात्र योग्यताक्रमका आधारमा सिट पूर्ति गर्न सकिनेछ ।

१२) **B.Pharma/BAMS** शैक्षिक कार्यक्रमको प्रवेश परीक्षामा सफल भएका सबै परीक्षार्थीहरुबाट पनि सिट पुर्ति हुन नसकेमा B.Optom/B.Sc.Nursing शैक्षिक कार्यक्रमको प्रवेश परीक्षामा सफल भएका परीक्षार्थीहरुबाट सिट पुर्ति गर्न सकिनेछ । उल्लेखित कार्यक्रमहरुका परीक्षार्थीहरुबाट समेत सिट पुर्ति हुन नसकेमा MBBS/BDS शैक्षिक कार्यक्रमका सफल परीक्षार्थीहरुबाट सिट पुर्ति गर्न सकिनेछ ।

१३) परीक्षार्थीहरुले परीक्षा हल भित्र Mobile, Calculator, Bluetooth, i-pad, Tablet PC जस्ता Electronic उपकरण आदि लान पाइने छैन ।

१४) कुनै पनि कार्यक्रमका आरक्षित सिटहरु रिक्त हुन आएमा Paying तर्फ लगी पूर्ति गरिनेछ ।

१५) प्रवेश परीक्षा सम्बन्धी सम्पूर्ण अधिकार त्रिभुवन विश्वविद्यालय चिकित्सा शास्त्र अध्ययन संस्थानमा निहीत रहनेछ ।

## *नतिजा प्रकाशन तथा भर्ना प्रकृया:*

१) भर्ना सम्बन्धी मिति प्रवेश परीक्षाको प्रकाशित नतिजामा उल्लेख गरिनेछ ।

२) त्रि.वि.चि.शा.अ.संस्थानमा अटूट रुपमा १० बर्ष सेवा गरेका स्थायी शिक्षक/कर्मचारी तथा त्रि.वि.चि.शा.अ.संस्थानमा अटूट रुपमा १० बर्ष सेवा नपुगेका शिक्षक कर्मचारी सहित त्रि.वि. का अन्य क्याम्पस/कार्यालय तथा निकायहरूमा कार्यरत स्थायी शिक्षक/कर्मचारीहरूका छोरा/छोरीका लागि समेत MBBS र BAMS शैक्षिक कार्यक्रमहरुमा छुट्याइएको सीटहरुमा प्रवेश परीक्षा उत्तीर्ण भएकाहरुबाट आवेदनको लागि परीक्षाफल प्रकाशित गर्दा मिति तोकिने छ ।

३) चि.शा.अ.संस्थान अन्तर्गत आवेदन दिनको लागि चि.शा.अ.संस्थान अन्तर्गत अटुट रुपमा १० वर्ष सेवा नपुगेका कार्यरत स्थायी शिक्षक तथा कर्मचारीहरुको छोरा/छोरीले त्रि.वि. को कोटा अन्तर्गत आवेदन दिन सक्नेछन् ।

४) कुनै पनि शिक्षक वा कर्मचारीले त्रि.वि. र चि.शा.अ.संस्थानको कोटा मध्ये कुनै एउटा कोटामा मात्र आवेदन दिन सक्ने छन् ।

५) परीक्षार्थी छनौट प्रवेश परीक्षाको योग्यताक्रम (Merit Order) को आधारमा हुनेछ । आवेदन साथ तपशिलका कागजात अनिवार्य रुपले पेश गर्नुपर्ने छ ।
   - क) कार्यरत शिक्षक/कर्मचारीले आवेदक आफ्नो छोरा/छोरी भएको आधिकारिक पत्र ।
   - ख) चि.शा.अ.संस्थानका शिक्षक तथा कर्मचारीले आफु अटुट रुपले १० बर्ष सेवारत रहेको र स्थायी भएको व्यहोरा कार्यरत संस्थाबाट प्रमाणित पत्र ।
   - ग) १० वर्ष भन्दा कम कार्यरत शिक्षक तथा कर्मचारीहरुले चि.शा.अ.संस्थान अन्तर्गत कार्यालयबाट स्थायी रुपमा कार्यरत भएको प्रमाणित पत्र ।
   - घ) त्रि.वि. को शिक्षक तथा कर्मचारीको हकमा सम्बन्धित कार्यालयबाट स्थायी रुपमा कार्यरत रहेको प्रमाणित पत्र ।
   - ङ) सम्बन्धित शिक्षक/कर्मचारीको नागरिकताको फोटोकपी ।
   - च) आवेदकको नागरिकता वा नाबालक/नाबालिकाको प्रमाण पत्र वा 10+2 को प्रवेश पत्रको फोटोकपी ।

६) यस अध्ययन संस्थानले स्वास्थ्य मन्त्रालय तथा सो अन्तर्गतका विभिन्न अस्पतालहरु, त्रि.वि.चि.शा.अ.संस्थान अन्तर्गतका त्रि.वि.शिक्षण अस्पताल, सेन्टरहरु आदि संस्थाहरुलाई उपलब्ध गराईएको आरक्षण कोटाका परीक्षार्थीहरुको प्रवेश परीक्षाको नतिजा प्रकाशित गर्दा छुट्याईएको कोटा अनुसार नै योग्यताक्रमको आधारमा गरिनेछ ।

७) प्रवेश परीक्षामा सफल भई छनौट भएका परीक्षार्थीहरुले भर्ना हुने समयमा तपसिल बमोजिमका कागजातहरु सम्बन्धित क्याम्पसहरुमा सक्कलै र सो को १/१ प्रति फोटोकपी अनिवार्य रुपले पेश गर्नु पर्नेछ ।
   - क) SLC वा सो सरह र प्रवीणता प्रमाण पत्रतह वा १०+२ वा सो सरह को शैक्षिक योग्यताका प्रमाणपत्र, लब्धाङ्कपत्र/ट्रान्सक्रप्ट, चारित्रिक प्रमाणपत्र ।
   - ख) नागरिकताको प्रमाणपत्र/राहदानी (Passport) वा नाबालक/नाबालिकाको प्रमाण पत्र वा 10+2 को प्रवेश पत्र ।
   - ग) विदेशी शिक्षण संस्था वा त्रि.वि. बाहिरका शिक्षण संस्थाबाट उत्तीर्ण गर्नेहरुले माइग्रेशन प्रमाणपत्र ।
   - घ) विदेशी शिक्षण संस्था वा त्रि.वि. बाहिरका शिक्षण संस्थाबाट उत्तीर्ण गर्नेहरुले त्रि.वि.को समानस्तर निर्धारण पत्र ।
   - ङ) शिक्षक/कर्मचारी कोटामा छनौट भएकाहरुले आवेदक आफ्नो छोरा/छोरी भएको आधिकारिक पत्र, १० वर्ष सेवा अवधि आवश्यक हुनेहरुले १० वर्ष सेवारत रहेको र स्थायी भएको प्रमाणित पत्र तथा स्थायी सेवामात्र आवश्यक हुनेहरुले स्थायी भएको अधिकारिक पत्र, आवेदक तथा सम्बन्धित शिक्षक/कर्मचारीको नागरिकताको प्रमाण पत्र
   - च) BNS शैक्षिक कार्यक्रमको हकमा, कार्यरत संस्थाले अध्ययन गर्न अनुमति दिएको स्वीकृतिपत्र वा सेवाबाट अवकाश लिएको भए राजीनामा स्वीकृतिपत्र आदि ।
   - छ) निरोगिताको प्रमाण पत्र ।

८) प्रवेश परीक्षा र भर्ना प्रकृयामा झुटा विवरण पेश गरी भर्ना भई अध्ययन गरेमा कुनै पनि समयमा त्रि.वि. चिकित्सा शास्त्र अध्ययन संस्थानले भर्ना खारेज गर्न सक्नेछ ।

९) कुनै पनि शैक्षिक कार्यक्रममा विदेशीको कोटा रिक्त हुन गएमा सोलाई पूर्ण शुल्कीय कोटामा परिणत गरी स्वदेशी विद्यार्थीलाई प्रवेश परीक्षाको Merit Order अनुसार भर्ना गरिनेछ ।

१०) २०७२ मंसिर २ गतेदेखि कक्षा संचालन हुनेछ । कक्षा संचालन भएको मितिले पूर्व सूचना बेगर लगातार १५ दिनसम्म अनुपस्थित हुने विद्यार्थीहरुको भर्ना रद्द गरिनेछ । यसरी रद्द गरी रिक्त रहेको ठाउंमा कक्षा शुरु भएको ३५ दिन भित्रै आवश्यक प्रकिया पुऱ्याई योग्यता क्रममा रहेका परीक्षार्थीहरुबाट भर्ना गर्न सकिनेछ । सो अवधि पछि जुनसुकै कारणले स्थान रिक्त भएता पनि कुनै पनि परीक्षार्थीहरुलाई भर्ना दिइनेछैन् । सम्बन्धन प्राप्त कलेजहरुले पनि मिति २०७२ पौष ७ गते भित्रै विद्यार्थी भर्ना गरिसक्नु पर्नेछ । नेपाल सरकार शिक्षा मन्त्रालयबाट छात्रवृत्ति प्राप्त गरी अध्ययन गर्न आउने विद्यार्थीहरुको भर्ना पनि २०७२ पौष ७ गतेभित्रै गरिसक्नु पर्नेछ । सो अवधि पछि भर्ना भएका विद्यार्थीहरुलाई २०७३ कार्तिक/मङ्सिरमा सञ्चालन हुने परीक्षामा सामेल गराइने छैन् । भर्ना सम्बन्धी विवरण Online मार्फत सबै क्याम्पस तथा कलेजहरुले यस अध्ययन संस्थानको शैक्षिक शाखामा २०७२ पौष ७ गते दिउसो ५:०० बजेभित्र पठाईसक्नु पर्नेछ ।

११) MBBS/BDS शैक्षिक कार्यक्रममा भर्ना भएका विद्यार्थीहरुले प्रथम फेजमा {**MBBS को प्रथम बर्ष र द्वितीय बर्ष (दुबैलाई प्रथम फेज) र BDS प्रथम बर्ष र द्वितीय बर्षमा**} अध्यापन हुने सबै विषयहरु उत्तीर्ण नगरी दोश्रो फेजमा BDS का लागि तेश्रो बर्ष) अध्ययन गर्न पाउने छैनन् । MBBS कार्यक्रममा प्रथम फेजका नियमित परीक्षा पश्चात् अरु ३ पटक पुन: परीक्षामा बस्न पाउनेछन् । आफ्नो नियमित परीक्षा पश्चातका ३ वटै माथि उल्लेख गरिएका पुन: परीक्षाहरुमा पनि अनुत्तीर्ण हुने विद्यार्थीको नाम MBBS शैक्षिक कार्यक्रमबाट हटाई भर्ना रद्द गरिनेछ । BDS कार्यक्रममा पहिलो र दोश्रो वर्षका नियमित परीक्षा पश्चात् अरु ३ पटक पुन: परीक्षामा बस्न पाउनेछन् । आफ्नो नियमित परीक्षा पश्चातका ३ वटै माथि उल्लेख गरिएका पुन: परीक्षाहरुमा पनि अनुत्तीर्ण हुने विद्यार्थीको नाम BDS शैक्षिक कार्यक्रमबाट हटाई भर्ना रद्द गरिनेछ ।
त्यसै गरी BAMS को हकमा प्रथम प्रोफेशनलको सबै विषयहरु उत्तीर्ण भएपछि मात्र दोश्रो प्रोफेशनलमा भर्ना भई अध्ययन गर्न पाइनेछ । प्रथम प्रोफेशनलको नियमित परीक्षा पछि तीनपल्ट पुन: परीक्षा दिन पाइनेछ । उक्त परीक्षा पछि पनि असफल हुनेको नाम BAMS शैक्षिक कार्यक्रमबाट हटाई भर्ना रद्द गरिनेछ । दोश्रो प्रोफेशनलको सबै विषयहरु उत्तीर्ण भएपछि मात्र तेश्रो प्रोफेशनलको परीक्षा दिन पाइनेछ ।

१२) त्रि.वि.प्राज्ञिक परिषदको मिति २०६४ चैत्र १८ को निर्णय अनुसार महाराजगञ्ज चिकित्सा क्याम्पसबाट MBBS को सहुलियत शुल्कमा अध्ययन पुरा गर्ने नेपाली विद्यार्थीहरूले नेपाल सरकारले तोकेको ठाउंमा गई २ बर्ष अनिवार्य रूपले सेवा गर्ने कबुलियतनामा गर्नु पर्नेछ ।

१३) यस अध्ययन संस्थानका क्याम्पसहरुमा भर्ना भएपछि अन्य अध्ययन संस्थान वा संकाय अन्तर्गतका क्याम्पसमा अध्ययन गरिरहेको वा पछि अन्यत्र क्याम्पसमा भर्ना भएको प्रमाणित भएमा त्यस्ता विद्यार्थीहरुको भर्ना चि.शा.अ.सं.बाट तुरुन्त रद्द गरिनेछ । कारणवश भर्ना रद्द हुनेको वा क्याम्पस छाडी जानेको धरौटी ६ महिना पछिमात्र फिर्ता गरिनेछ ।

१४) अध्ययनकालमा विद्यार्थीहरु फिल्ड अनुभवका लागि क्याम्पसले तोकेका उपत्यका भित्र वा बाहिर जुनसुकै ठाउंमा अवस्थित अस्पताल, हेल्थ इन्स्टिच्युट वा फिल्ड कार्यक्रमहरुमा अनिवार्य रुपले जांदा, जाने, आउने, खाने, बस्ने सम्पूर्ण खर्च विद्यार्थी स्वयम् आफैले व्यहोर्नु पर्नेछ ।

१५) भर्नाका लागि छनोट भएका विद्यार्थीहरुले त्रि.वि. चिकित्सा शास्त्र अध्ययन संस्थान वा यस अन्तर्गतका क्याम्पस/कलेजहरुले तोके अनुसारको शुल्कहरु तिरी भर्ना हुनु पर्नेछ । साथै, समय-समयमा बृद्धि भएका शुल्कहरु समेत तिर्नु पर्नेछ ।

१६) भर्ना हुने विद्यार्थीहरुले आफ्नै खर्चमा हेपाटाइटिस-बी को खोप लिई अनिवार्य रुपमा भर्ना हुंदा सोको प्रमाण पत्र पेश गर्नु पर्नेछ ।

१७) आगिंक क्याम्पसहरुमा भर्ना भै अध्ययन गर्ने विद्यार्थीहरुले प्रयोगात्मक कक्षाहरुका लागि आवश्यक एप्रोन तथा अपरेशन थियटरमा लगाउने गाउन, मास्क, टोपी, चप्पल आदिको व्यवस्था आफ्नै तर्फबाट गर्नु पर्नेछ ।

१८) चि.शा.अ.संस्थानको कुनै पनि तहको कुनै पनि शैक्षिक कार्यक्रममा अध्ययनरत विद्यार्थीहरुले सो शैक्षिक कार्यक्रमको अध्ययन पुरा नगरी चि.शा.अ.संस्थानको कुनै पनि क्याम्पसको कुनै पनि शैक्षिक कार्यक्रमका लागि प्रवेश परीक्षामा बस्न पाउने छैनन् ।

१९) त्रि.वि.चि.शा.अ.संस्थानबाट सम्बन्धन प्राप्त कलेजहरुमा भर्ना गर्नको लागि प्रवेश परीक्षामा सफल भएका परीक्षार्थीहरुको सूची पठाइनेछ । सोही सूचि अनुसार सम्बन्धन प्राप्त कलेजहरुले योग्यताक्रम अनुसार विद्यार्थी भर्ना गर्नुपर्नेछ ।

२०) त्रि.वि. संग सम्बन्धन प्राप्त कलेजहरुमा संचालन हुने विभिन्न शैक्षिक कार्यक्रममा पूर्ण शुल्क तिरी भर्ना भई पढन चाहने इच्छुक नेपाली तथा विदेशी विद्यार्थीहरुले चालु शैक्षिक बर्षको प्रवेश परीक्षा उत्तीर्ण गर्नु पर्नेछ । प्रवेश परीक्षा नदिएका र प्रवेश परीक्षा दिई अनुत्तीर्ण हुनेले भर्ना हुन पाउने छैनन् । भर्ना सम्बन्धी अन्य जानकारी सम्बन्धित क्याम्पसहरूले विज्ञापन मार्फत गराउने छन् ।

२१) भर्ना सम्बन्धी सबै अधिकार चिकित्सा शास्त्र अध्ययन संस्थानमा निहीत रहनेछ ।

मिति: २०७२।५।३ गते

सदस्य सचिव
स्नातक तह प्रवेश परीक्षा संचालक समिति २०७२